# ओमसतिया गाउँपालिका
# Omsatiya Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive
हाटी फर्साटिकर, रुपन्देही
Hati Pharsatikar, Rupandehi

पत्र संख्या :-/Ref. No. :

५ नम्बर प्रदेश, नेपाल
5 No. Province, Nepal

चलानी नं. :-/Dispatch No.:

सूचना ! सूचना !! सूचना !!!

नेपालमा हाल बंगुर सुंगुर र जंगली प्रजातिको बंदेलमा अफ्रिकन स्वाईन फिभर नामको रोग देखा परेको हुंदा सम्पूर्ण ओमसतिया गाउंपालिका निवासी पशु पालक कृषक दाजु भाई तथा दिदी बहिनीहरुमा नेपाल सरकार कृषि तथा पश पंक्षी विकास मन्त्रालयको प्रकासित प्रेस विज्ञप्तिद्धारा जानकारी हुन आएकोले आफुले पाल्दै आएका संगुर,बंगुर तथा जंगली प्रजातीका बंदेलको आवश्यक स्वास्थ्य व्यवस्थापनमा विशेष हेरचाह र रेख देखमा उचित ध्यान पुरयाउनु हुनका लागि ओमसतिया गाउंपालिका, पशु सेवा शाखा सम्पूर्ण सर्वसाधारण तथा व्यवसायिक कृषकहरुमा हार्दिक अपिल गर्दछ ।

**यस रोगका लक्ष्यणहरु : –**

१) संगुर बंगुर र जंगलि प्रजातिका बंदेलमा १०४ देखि १०७ डिग्री फरेनहाईट सम्म उच्च तापक्रम हुने गर्दछ ।
२) कान पेटको तल्लो भागको बाहिरी छालामा रातो हुने गर्दछ ।
३) शरिरमा निलो धब्बा देखिने, खाना नखाने हुन्छ ।
४) बान्ता गर्ने गर्दछ ।
५) छेर्ने गर्दछ ।
७) छटपटाउने गर्दछ ।
८) हिंड्ने चाल धरमराउने गर्दछ ।
९) गभिणी माउ तुहुन सक्दछ ।
१०) बथानमा एकै पटक धेरै ठूलो संख्यामा संगुर,बंगुर र जंगली बंदेल प्रजातिको मृत्यु हुन सक्दछ ।
११) यो रोग विशेष गरि रोगी बंगुर वा पाठापाठी वा मासु वा रोगी पशुको सम्पर्कमा आएका बस्तु एक स्थानबाट अर्को स्थानमा लैजादा सजिलै सर्ने हुंदा रोग छिटो फैलन सक्दछ ।

यो रोग विरुद्ध हाल कुनै पनि खोप नभएकोले रोग विरुद्ध प्रभावकारी उपचार नहुने हंदा रोग देखा परेमा तत्काल संघ, प्रदेश र स्थानिय तहमा रहेका पशु सेवा संग सम्बन्धित कुनै पनि निकायमा खबर गर्नुका साथै देहायमा उल्लेखित सावधानीका उपाय अबलम्न गर्न पनि अनुरोध गर्दछौं ।

**सावधानीका उपायहरु :–**

१) फार्मम जैविक सुरक्षाका विधिहरु अवलम्बन गर्ने ।
२) बंगुर पालिएको परिसर क्षेत्रमा नियमित सरसफाई गरि चुना , फिनाईल , ब्लिचिड पाउडर, वा फर्मालिन जस्ता सामाग्री प्रयोग गरि निसंक्रमण गर्ने ।
३) रोगको शंका लागेका पशु बस्तुलाई अलग्गै छुट्याएर राख्ने व्यवस्था गर्ने ।
४) संकाष्पद रोगी बंगुर, सुंगुर नमूना प्रयोगशाला परिक्षण गराउने र रोग प्रमाणित भएमा सो खोरमा रहेका पशुहरुलाई मानविय तवरले नष्ट गर्ने ।
५) मरेका पशुलाई राम्रोसंग खाडल खनि गाड्ने वा जलाउने ।
६)घरपालुवा संगुर , बंगुर जंगली बंदेलको सम्पर्कमा आउन नदिने ।
७) संगुर वा बंदेललाई होटेलबाट निस्कने बासी सडे गलेका फोहर खानेकुरा खुवाउने गरिएमा रोगी पशुको मासु, हड्डी समेत मिसिन सक्ने र यसबाट स्वस्थ फार्ममा समेत संक्रमण फैलन सक्ने उच्च जोखिम रहने हुंदा यस्ता खानेकुरा नखुवाउने ।

**यो रोग पशुबाट मानिसमा सर्दैन ।**

थप आवश्यक जानकारीको लागि निम्न बमोजिम सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।
१) ओमसतिया गाउं पालिका , पशु सेवा शाखा
सम्पर्क नं.९८४७११७७५०,९८४७१६०२१३ ,९८६७४१९७६०

अनुरोधक :
ओमसतिया गाउंपालिका
पशु सेवा शाखा
हाटिफर्साटिकर,रुपन्देही ।